# पाठभाषाविज्ञानको स्वरूप

**दीपकप्रसाद ढकाल** (उपप्रा.)
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।
E-mail : deepakdhakal973@gmail.com
**Received Date:** October 25, 2024; **Reviewed Date:** Nov. 29, 2024
**Accepted Date:** Dec. 22, 2024

## लेखसार

*प्रस्तुत ‘पाठभाषाविज्ञानको स्वरूप’ शीर्षक लेख लिखित पाठमा अर्थप्रविम्बिनको विश्लेषण पद्धतिमा आधारित छ । अर्थ सम्प्रेषणका निम्ति चयन गरिएको भाषिक सङ्केत व्यवस्था र त्यस्तो व्यवस्थाको लिखित संरचना नै पाठ हो । यस्तो पाठमा संरचित अर्थ तथा त्यस्तो अर्थको वस्तुगत विश्लेषण पाठभाषाविज्ञान हो । यस लेखमा अर्थको विश्लेषणका निम्ति प्रयोग गरिएका शाखा र तिनको पद्धतिसम्बद्ध कोणको अध्ययन गरिएको छ । यस लेखको शोध क्षेत्र र समस्या सोद्देश्य रूपले चयन गरिएको हो । लेखका निम्ति समाग्रीको स्रोत पुस्तकालय कार्य हो । यस लेखको शोध समस्या सैद्धान्तिक छ । त्यसैले पुस्तकालयबाट उपलब्ध पाठभाषाविज्ञानका सैद्धान्तिक सामग्री यस लेखमा प्राथमिक रूपले प्रयोग भएका छन् । सैद्धान्तिक अवधारणालाई नै संश्लेषण गरिएकाले यस लेखमा निगमनात्मक विधिको प्रयोग भएको छ । तथ्यलाई सामान्यीकरण गरेर सत्यापनका तहमा पुगी शोध समस्याको समाधान प्रस्तुत गरिएको छ । कुनै पनि पाठ एकाइगत तहमा रहेको कोशीय शब्ददेखि पूर्ण संरचनाका तहमा विस्तार हुने भएकाले पाठभाषाविज्ञानका सबै शाखा आरम्भमा कोशीय एकाइमा नै सम्बद्ध हुन्छन् । लिखित पाठमा प्रयोग भएको आर्थी अन्तर्क्रिया प्रयोक्ताको सन्दर्भ बिन्दु सापेक्ष हुन्छ । यही सन्दर्भ बिन्दुका कारण अर्थ जटिल विषय पनि हो । पाठका हरेक अर्थ पाठीय सङ्कथनका दायरामा रहन्छन् । पाठभाषाविज्ञान पाठीय सङ्कथनको दायराको विषय हो । अर्थको सौन्दर्यपूर्ण अन्तर्क्रिया पाठमा प्रयोग भएको अवस्थामा पाठ साहित्यिक विधामा परिणत हुन्छ । पाठको आर्थी संरचनालाई सहज रूपले बोध गर्न सैद्धान्तिक सामग्रीका तथ्य तथा तिनमा रहेको अवधारणागत संलयनलाई प्रस्तुत गर्न आरेखको प्रयोग गरिएको छ । शोध समस्याको सहज रूपमा प्रस्तुति तथा विश्लेषणका निम्ति अवधारणाको समीकरणीय अवस्था पनि प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :**परिपथ चक्र,पाठीय अन्तर्क्रिया,सङ्केत, सन्दर्भ बिन्दु,संलयन, संज्ञान,

## विषयपरिचय

अर्थ सम्प्रेषणका निम्ति प्रयोग गरिएको भाषाको लेख्य रूप पाठ हो । सामान्यतः भाषाको कथ्य रूपमा मात्र भाषिक प्रयोक्ता प्रत्यक्ष हुने भएकाले भाषिक अन्तर्क्रिया कथ्य रूपमा मात्र प्राप्त हुन्छ भन्ने मान्यता राखिएको पाइन्छ तर पाठभाषाविज्ञानमा लिखित पाठमा पनि भाषिक प्रयोक्ता परोक्ष रूपले रहेका हुन्छन् र तिनका बिचमा आर्थी माध्यमद्वारा अन्तर्क्रियात्मक व्यवहार सम्पन्न गरिएको हुन्छ । यसरी पाठलाई प्रयोक्ताका सन्दर्भ बिन्दुका तहमा राखी अर्थको संरचित स्वरूप बारे वैज्ञानिक रूपले गरिने अध्ययनका पनि विविध पद्धति छन् । ती पद्धतिलाई यस लेखमा पाठभाषाविज्ञानको स्वरूपअन्तर्गत अध्ययन गरिएको छ । पाठको अर्थ बोधन जटिल प्रक्रिया हो । अर्थको जटिलता भाषाको प्रयोक्ताका सन्दर्भ बिन्दुका कारण उत्पन्न हुन्छ । यही सन्दर्भ बिन्दुका आधारमा प्रस्तुत

लेखमा पाठभाषाविज्ञानका आर्थी शाखा अध्ययन गरिएको छ । यस्ता शाखामा समाजभाषाविज्ञान, मनोभाषाविज्ञान र प्रयोगार्थभाषाविज्ञान मुख्य छन् । पाठका यी सबै आर्थी शाखा पाठीय सङ्कथनका घटक पनि हुन् । त्यसैले प्रत्येक शाखा पाठीय सङ्कथनका विषय क्षेत्र हुन् भने समष्टिमा यी सबै शाखा पाठीय सङ्कथनद्वारा अधिशासित उपव्यवस्था पनि हुन् । प्रस्तुत लेखमा पाठभाषाविज्ञानका यिनै पक्षको अध्ययन गरिएको छ । पाठभाषाविज्ञानका यी (ण्घशाखा बारे भाषावैज्ञानिकले विस्तारमा अध्ययन गरेका छन् तर पाठीय सङ्कथनका संरचकको तहमा पुगेर अध्ययन भएको देखिँदैन । यसका अतिरिक्त पाठीय अर्थको अलङ्कणका तहमा पुगेर साहित्यका विधा बन्ने कोणबाट पनि अध्ययन भएको देखिँदैन । त्यसैले पूर्वाध्यायनको यही रिक्तता परिपूर्ति हेतु प्रस्तुत अनुसन्धान लेख तयार गरिएको हो ।

## अध्ययन विधि

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको छ । यस लेखमा शोध क्षेत्र र शोध समस्या दुवै सैद्धान्तिक छन् । यस लेखका निम्ति सामग्रीको स्रोत पुस्तकालय कार्य हो । शोध क्षेत्रसम्बद्ध सैद्धान्तिक सामग्री सबै यस लेखमा प्राथमिक हुन् । सामग्रीबाट प्राप्त तथ्य र तिनको मण्डन गरी सत्यापनमा पुगिएका कारण यस लेखमा निगमनात्मक विधि प्रयोग भएको छ । शोध समस्याको विश्लेषण सहज र स्पष्ट बनाउन यस लेखमा आरेख तथा समीकरणको प्रस्तुति पनि छ । शोध समस्यालाई विशिष्टीकृत गरी सत्यापनमा पुग्नका निम्ति विविध समस्यामूलक उपशीर्षक प्रयोग गरिएको छ । शोध समस्याको अवधारणा पहिचान गर्न मुख्यतः भेन डायिक (सन् १९९७) को *डिस्कोर्स : अज स्ट्रक्चर एन्ड प्रोसेस* प्रयोग गरिएको छ ।

## पाठभाषाविज्ञानको पृष्ठभूमि

भाषाले पाठको संरचना प्राप्त गरेपछि उक्त पाठलाई अर्थका कोणबाट अध्ययन गर्ने शाखा विकास भयो । भाषा वक्ताले सामाजिक सन्दर्भमा गर्ने अन्तर्क्रियात्मक व्यवहार हो । त्यसैले यस शाखामा भाषामा कथ्य अन्तर्क्रिया (oral interaction) को लेखिमिक (graphical) संरचना केन्द्रीय विषय बन्यो । जसरी भाषाको कथ्य स्वरूपमा सहभागीको उपस्थिति प्राप्त हुन्छ, त्यसैगरी भाषाको लिखित संरचनामा पनि भाषिक प्रयोक्ता (users) हुन्छन् । "त्यसैले भाषाको कथ्य रूप र लिखित रूपका बिचमा विभिन्न भिन्नताहरू रहे तापनि यी दुवै अन्तर्क्रिया र सञ्चारका तहमा सङ्कथनका आधार हुन्" (डाइक, सन् १९९७, पृ.३) । त्यस्ता प्रयोक्ताले समाज सन्दर्भमा आफ्नो सन्दर्भ बिन्दु ( reference point) को कोणबाट भाषा प्रयोग गरेको हुन्छ । त्यसैले पाठभाषाविज्ञान लेखिमिक संरचना (graphic structure) को विषय मात्र होइन । यसका अतिरिक्त प्रयोक्ताको सन्दर्भ बिन्दुका कोणबाट गरिने समाज सन्दर्भ अध्ययन पनि हो ।

पाठको आधारभूत अवस्था मौखक (oral) रूप हो । ध्वनिप्रवाहका तहमा प्रस्तुत भएको मौखिक पाठमा प्रयोक्तालाई समाजको सापेक्षतामा केन्द्रित गरी अर्थ बोध गरिन्छ । त्यसैले भाषाको मौखिक अवस्था सामाजिक अन्तर्क्रिया (social interaction) हो । भाषामा सामाजिक अन्तर्क्रियात्मक व्यवहारको प्रकार्य सम्पन्न भएको अवस्थामा यसका प्रयोक्ता वक्ता (speaker) र श्रोता (listner) का तहमा परिपथ (circut) तयार भएको हुन्छ । हरेक व्यक्ति जब भाषिक अन्तर्क्रिमा सक्रिय हुन्छ त्यतिबेला उसले मौखिक परिपथ तयार गरिरहेको हुन्छ । यस्तो स्थितिमा श्रोताले पनि समान स्तरको मौखिक परिपथमा सक्रिय भूमिका खेलेको हुन्छ । त्यसैले व्यक्ति समाज सापेक्ष मौखिक

परिपथको सञ्चार एकाइ हो । हरेक व्यक्ति फरकफरक सामाजिक सन्दर्भलाई परिपथमा गति दिइरहेको हुन्छ । या त उसले श्रोताका तहमा रहेर होस् वा वक्ताका तहमा रहेर होस् । यस्तो हरेक परिपथ चक्र (chain of circut) मा स्थिर पक्ष भनेको समाज सन्दर्भ नै हो । भाषिक प्रयोक्ता कतै वक्ता र कतै श्रोताको भूमिकामा परिवर्तित सक्रियतामा पुगेको हुन्छ भने समाज सन्दर्भ प्रयोक्ताका जुन स्थान रहे पनि स्थिर र स्थायी हुन्छ । त्यसैले भाषालाई समाजको सङ्केतवैज्ञानिक दृष्टिकोण ( social semotic prespective) का तहमा प्रवेश गरेपछि मात्र बोध हुन्छ । “यस पदावलीलाई सामान्यतः संज्ञानको सामान्य अवस्था र कुनै अवधारणाका बारेमा बनाइएको कोण” (ह्यालिडे र हसन, सन् १९९१, पृ.३) भनी अर्थ्याइएको छ । अर्थात् भाषिक अन्तर्क्रिया सङ्केत (sign) का रूपमा प्रयोग गरिएको अवधारणाको ध्वनि संरचनागत स्थिति हो । यस्तो सङ्केतको प्रयोग सदैव समाजमा गरिन्छ भने समाज सन्दर्भ यसको आर्थी निर्धारक बनेको हुन्छ । ह्यालिडेले भाषालाई समाजको सङ्केत वैज्ञानिक कोणबाट व्याख्या गर्ने क्रममा सङ्केत (semiotic) लाई प्राथमिकता दिए । “सङ्केत शब्द प्राचीन ग्रिसेली भाषाचिन्तनमा स्टोइक (stoic) दार्शनिकले प्रयोग गरेको सेमेनन-सेमेनोमेनन (semainon-semainomenon) कै आधुनिक रूपमा प्रयोग गरिएको सङ्केतक-सङ्केतित (signifier–signified) सँग सम्बन्धित छ” (ह्यालिडे र हसन, सन् १९९१, पृ.३) । भाषा समाजसन्दर्भमा सङ्केतका सहायताले गरिने अन्तर्क्रिया हो र यसको परम्परा प्राचीन ग्रिसेली चिन्तनमा नै विकास भएको उल्लेखबाट पनि समाज सन्दर्भ विना भाषाको प्रकार्य सम्पन्न नहुने पुष्टि हुन्छ ।

सङ्केतलाई ससुरले घटकीय संरचनाका कोणबाट अर्थ्याए । कुनै पनि सङ्केत सङ्केतितसँगको सम्बन्धमा आधारित हुन्छ र यस्तो सम्बन्ध सहजात र प्राकृतिक नभई परम्परागत (arbitary) हुन्छ भन्ने मान्यता राखे । भाषा सङ्केतहरूको वितरणात्मक अवस्था हो भन्ने ससुरको मान्यता पनि सङ्केत प्रणालीलाई अलग गर्दा अधुरो हुन्छ, अर्थात् कुनै पनि सङ्केतको सङ्केतित (अर्थ) भनेको अन्य सङ्केतसँगको सहसम्बन्ध हो तर निरपेक्ष प्रणाली होइन । त्यसैले “कुनै सङ्केतका बारेमा अध्ययन गर्नु भनेको सङ्केत प्राणलीका बारेमा अध्ययन गर्नु हो र त्यस्तो प्रणाली भनेको नै अर्थ हो । यस्तो अर्थ सामान्यत : अवधारणा नै हो” (ह्यालिडे र हसन, सन् १९९१, पृ.४) । आधुनिक भाषावैज्ञानिक ससुरलगायतले सङ्केत व्यवस्था र भाषाको संरचनात्मक विशिष्टताका कोणबाट विश्लेषण गरे तापनि कुनै पनि संरचक घटक आर्थी प्रतिनिधित्व रहित विश्लेष्य हुन्न । त्यस्तो अवस्थामा उक्त एकाइ केकस्ता सङ्केतका वितरणात्मक प्रभावबाट प्रभावित छ र ती एकाइहरूको वितरणात्मक सन्दर्भ केकस्तो छ भन्ने विषयलाई नै परोक्ष रूपले सम्बद्ध तुल्याएको छ ।

## पाठ र अर्थ

पाठभाषाविज्ञानमा अर्थ निकै महत्त्वपूर्ण पक्ष हो । भाषाका सन्दर्भमा अर्थ के हो भन्ने विषय निकै जटिल हुन्छ । त्यसैले अर्थलाई रहस्यात्मक (fuzzy) अवधारणाका रूपमा लिइन्छ । पाठको अमूर्त पक्ष, अवधारणात्मक पक्ष, वाक्यवाक्यका बिचको अन्तरसम्बन्धात्मक अर्थ र समग्र पाठको अर्थका तहबाट कुनै पनि पाठको समग्रता अर्थका कोणमा अध्ययन गरिन्छ । त्यसैले पाठको अर्थ निरपेक्ष र स्वतन्त्र पक्ष होइन । पाठको अर्थ पहिचान गर्नु भनेको त्यसका संरचक एकाइ तथा तिनको पारस्परिकताबाट प्राप्त समग्र पक्ष बोध गर्नु हो । “पाठको अर्थका तहमा देखिने यस्तो विशिष्टता र जटिल पक्षलाई भाषावैज्ञानिकले सङ्कथनका कोणबाट आर्थी प्रतिनिधित्व (semantic representation) भनेका छन्” (डाइक, सन् १९९७, पृ.८) । भाषामा रूपका तहदेखि सङ्कथनका

तहसम्मको विश्लेषण अर्थकै आधारमा गरिन्छ । अर्थ निरपेक्ष संरचनाको प्रस्तुति भाषिक विश्लेषणमा कुनै औचित्य हुन्न तर यस्तो अर्थ पनि प्रयोक्ताको भाषिक सन्दर्भ विना व्याख्या हुन्न र भाषिक सन्दर्भ समाज सन्दर्भमा आबद्ध नभई प्रस्टिने स्थिति रहन्न । त्यसैले पाठको अर्थ प्रयोक्ताको सामाज सन्दर्भका सापेक्षतामा विश्लेषित हुने विषय हो । पाठको समाज सन्दर्भ सापेक्ष अर्थ विश्लेषणका क्रममा "सम्पूर्ण वातावरण (total enviromaent) अर्थात् भाषिक वातावरण (अघिल्ला कोशीय एकाइ/वाक्य र पछिल्ला कोशीय एकाइ/वाक्य) मात्र नभई स्थिति (भौतिक/पर्यावरणीय) समेतले भाषिक अर्थमा प्रभाव पार्ने" (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) मान्यता प्रस्तुत भयो । भाषिक पाठको कथ्य रूपमा यसको विशेष स्थान रहेको हुन्छ किनभने कुनै पनि वक्ताले कथ्य रूपमा गरेको अन्तर्क्रिया भनेको ऊ रहेको भौतिक/पर्यावरणीय पक्ष र त्यसले मानसिकताका तहमा पारेको प्रभावको प्रतिविम्बन हो । मनोवैज्ञानिक र संज्ञानात्मक भाषावैज्ञानिक पाठको अर्थलाई यसको सीमाभन्दा परसम्म लगेर बोध गर्न सकिने र पाठले दिने अर्थ भाषिक प्रयोक्ताले भाषाका माध्यमद्वारा सम्पन्न गर्ने कार्यमा अधारित हुने बताएका छन् । "प्रयोक्ताले प्रयोग गरेको भाषाबाट सम्पन्न भएको कार्यलाई बोध (understanding), पठन (comprehension), वा व्याख्या ( interpretation) का रूपमा अध्ययन गरिन्छ" (डाइक, सन् १९९७, पृ.८) । त्यसैले पाठको अर्थ भाषिक प्रयोक्ताको मस्तिष्कसँग सम्बद्ध विषय पनि हो । कुनै पाठको सन्दर्भगत कार्य के हुने वा कतिसम्म पाठको सन्दर्भगत कार्य यकिन हुने भन्ने निश्चित विषय होइन । यो मानवशास्त्रीय विषय हो, अर्थात् मानवले आफ्ना सामूहिक विश्वास र साझा व्यवहारका आधारमा भाषाका सन्दर्भगत अर्थ सापेक्षित रूपले प्रयोग गरेको हुन्छ । यसलाई मोलिनेक्स्कीले "अर्थका सन्दर्भगत कार्य र भाषाको संस्कृतिमा भूमिका" (बन्धु, २०७०, पृ.१२२) भनी उल्लेख गरेका छन् । मेलिनोब्स्कीका यी अवधारणामा भाषाको अर्थ समाज सन्दर्भको विषय रहेको र खास अर्थ भनेको समाजको सन्दर्भता हो भन्ने उल्लेख छ । पाठको अर्थ विश्लेषणमा संरचनावादमा प्रधान मानिएको वाक्यको आलोचना हुने र समाजभाषावैज्ञानिक चिन्तनका कोणबाट पाठलाई विश्लेषण गर्नुपर्ने मान्यताले पनि महत्त्वपूर्ण भूमिका खेलेको हो । त्यसैले "भाषाको सहज र मूलभूत एकाइ वाक्यसमूह मानियो" (तिवारी, सन् १९८५, पृ.२१८) । पाठको अर्थ विश्लेषणमा संयुक्ति (coherence) को विशेष स्थान हुन्छ । कुनै पनि पाठलाई सूक्ष्म तह (micro level) देखि बृहत् तह (macro level) सम्मको विस्तारको विश्लेषणबाट अर्थको विशिष्टता पहिचान हुन्छ । "अर्थहरू कसरी एकअर्कासँग परस्पर सम्बद्ध हुन्छन् र यसले व्यापक संरचनामा कसरी काम गरेको हुन्छ" (डायिक, सन् १९९७, पृ.९) भनेर सङ्कथनका तहमा अध्ययन गरिन्छ । कुनै पनि पाठ कोशीय एकाइहरूको क्रमिक विन्यास हो तर यस्तो विन्यासभित्र पनि खास सामानतामा आधारित गरेर कोशीय एकाइ चयन गरिएको हुन्छ । यस्तो चयनले सूक्ष्म वा मसिनो तहमा एक प्रकारको सम्बन्ध कायम गरेका हुन्छन् भने बाह्य र समग्र संरचनाका तहमा फरक आर्थी ढाँचा प्राप्त गरेका हुन्छन् । यसलाई सङ्कथनको संयुक्तिगत अर्थका रूपमा विश्लेषण गरिन्छ । "पाठलाई अर्थ, आर्थी एकाइ, पाठको उत्पादन र प्रक्रिया, तथा अर्थको सामाजिक विनिमय (पाठमा सामाजिक अन्तर्क्रिया गरिन्छ र कुनै पनि पाठ भनेको संवाद) को आधारभूत संरचना हो" (ह्यालिडे र हसन, सन् १९९१, पृ.११-१२) । पाठ भाषिक प्रयोक्ताको सामाजिक व्यवहार सम्पन्न गर्ने आधार भएकाले यसमा सामाजिक अन्तर्क्रियाको प्रतिनिधित्व नै मुख्यतः रहेको हुन्छ ।

## पाठीय अर्थका शाखा

पाठको अर्थ समाजको सापेक्षतामा अर्थिने पक्ष हो । कुनै पनि पाठ निरपेक्ष आर्थी प्रकार्यमा प्रवेश गर्दैन । पाठको अर्थका रूपमा प्रतिविम्वित सामाजिक अन्तर्क्रियालाई भाषिक प्रयोक्ताले सार्थक तुल्याउने हो । त्यसैले पाठीय अर्थ भनेको संज्ञानको विषय हो ।

जब मानिसले भाषिक व्यवहार सङ्कथनका रूपमा कथ्य वा लेख्य संरचनामा प्रस्तुत गर्छ त्यतिबेला त्यो आर्थी संरचना हुबहु मस्तिष्कमा पत्यङ्कन हुन्न । मानिसको मस्तिष्कले सक्रिय रूपले विभिन्न प्रकारका संज्ञानात्मक प्रतिविम्ब (सङ्केत, अभिलक्षण, अर्थ र विविध तत्त्वका संरचित अवस्था) तयार गर्छ र यसले भाषिक निविष्टलाई व्याख्या गर्छ । यस्तो संज्ञानात्मक प्रतिविम्बनले शब्द, वाक्य, अन्तर्वाक्यात्मक अर्थ, वाक्क्रिय, संवाद ढाँचा, आलङ्कारिक संरचना, प्रकरणार्थ, वास्तवविक र काल्पनिक जगत् आदिलाई विस्तारित आयाममा बोध गरेको हुन्छ । यस्ता हरेक प्रकारका संज्ञानात्मक अभ्यास बोली र लिखित पाठ निर्माणमा प्रयोग भएको हुन्छ । (ग्रेसर र अन्य, सन् १९९७, पृ. २९२)

पाठको अर्थ पहिचान गर्ने क्रममा यस्ता संज्ञानात्मक प्रक्रिया सम्पन्न हुन्छन् तर ती सबै प्रक्रिया एउटा निश्चित सामाजिक सन्दर्भ सम्बद्ध भएकै हुन्छ । यसरी सार्थक तुल्याउने क्रममा हरेक भाषिक प्रयोक्ता स्वतन्त्र रहेको हुन्छ तर यस्तो स्वतन्त्रता समाज निरपेक्ष रूपले प्रयोग गरिन्न र गरिएको अवस्थामा त्यो भाषिक अर्थ नहुन सक्छ । ती व्यक्तिका निजी एवं असामाजिक पक्ष बन्न सक्छन् । पाठको आर्थी शाखा भनेका समाज सन्दर्भ हुन् । समाज यौगिकीय (compound) संरचना हो । समाजमा भाषिक प्रयोक्ता निश्चत भाषिक भूगोलमा रहेको हुन्छ । उक्त भाषिक भूगोलबाट कोशीय एकाइ चयन गर्ने तथा त्यस्ता एकाइमा आफ्ना सिर्जनात्मक एवं तार्किक पक्षको समेत संयोजन गर्ने पारस्परिकता हुन्छ । पाठको अर्थ बोधन प्रक्रिया पाठ, सन्दर्भ र बोधको संयुक्त अवस्था हो । यसलाई ह्यालिडे र हसन (सन् १९९१) मा यस प्रकार उल्लेख गरिएको छ :


पाठ र सन्दर्भका बिचमा पाँच ओटा पक्षले कार्य गरेका हुन्छन् । पाठ जुन अधिप्रकार्यात्मक संरचनामा रहेको हुन्छ । पाठमा संज्ञानात्मक, अन्तर्वैयक्तिक र पाठीय प्रकार्य रहेको हुन्छ । स्थितिको सन्दर्भ जसमा क्षेत्र, सहभागी र माध्यमको अभिलक्षण रहेको हुन्छ र पाठको प्रयोजनपरक ढाँचा तयार गरेको हुन्छ । संस्कृतिको सन्दर्भता जसमा संस्थागत र संज्ञानात्मक पृष्ठभूमिले जसले पाठलाई व्याख्याको निश्चित मान दिएको हुन्छ । अन्तर्पाठीय सन्दर्भता जसमा अन्य पाठ र मान्यताले दिएका अर्थ जोडिन्छन् । पाँचौंमा पाठान्तरिक सन्दर्भ जसले पाठमा आर्थी प्रतिनिधित्वलाई सङ्गठित गर्न भूमिका खेलेका हुन्छन् । (पृ.४९)

भाषिक सङ्केत अर्थका निम्ति सक्रिय अधार होइनन् । यस्ता सङ्केतलाई अर्थ दिने भाषिक प्रयोक्ताले नै हो । त्यसैले कुनै पनि पाठको अर्थ त्यसको प्रयोक्ता र प्रयोक्तालाई प्रभावित पार्ने पक्षको बाह्य उत्पादन हो । यस्तो पारस्परिकता दोहोरो हुन्छ, अर्थात् समाजबाट कोशीय एकाइ ग्रहण गर्ने तथा त्यस्ता कोशीय एकाइलाई समाज सन्दर्भका पृथक्तामा परीक्षण गरी त्यसलाई साझा स्थान दिने प्रयत्न चलेको हुन्छ । यसैलाई पाठीय अर्थका शाखा निर्माणको आधार मानिन्छ ।

भाषिक प्रयोक्ताले प्रयोग गरेका कोशीय एकाइ, त्यस्ता एकाइका बिचको साझा गुण, त्यस्तो साझा गुणको केन्द्रमा रहेको पक्षका आधारमा पाठीय अर्थका शाखा विविध हुन्छन् । पाठीय साझा आर्थी

मानमा भाषिक प्रयोक्ताको मानस तह, सोचाइ वा अनुभूतिको पक्षलाई केन्द्रीय बनाइएको अवस्थामा त्यो मनोभाषाविज्ञान (psycholinguistics) को शाखा बन्दछ । त्यसैगरी भाषिक प्रयोक्ताले चयन गरेका कोशीय एकाइ तथा त्यस्ता एकाइका साझा आर्थी मानले प्रतिविम्बित गरेका अन्तर्क्रियात्मक व्यवाहार व्यक्तिव्यक्तिका बिचका आवश्यकता र व्यवहार केन्द्रित बनेमा त्यो समाजभाषाविज्ञान ( sociolinguistics) को शाखा बन्छ । पाठमा चयन गरिएका कोशीय एकाइ तथा तिनबाट विम्बित भएको साझा आर्थी मानले भाषिक प्रयोक्ताका बिचको आपसी अन्तर्क्रिया नै प्रधान भएको अवस्थामा प्रयोगार्थविज्ञान (pragmatics) को शाखा बन्छ । यस्तो अवस्थामा भाषिक पाठ मौखिक ज्यादा हुने देखिन्छ । यदि मुद्रित पाठको संरचना भएमा त्यहाँ समाजभाषाविज्ञान, मनोभाषाविज्ञान र प्रकणार्थविज्ञानको समेत संलन हुन्छ । त्यसैगरी पाठको संरचनात्मक पक्ष र त्यसका कोशीय एकाइबाट विम्बित भएका साझा आर्थी गुणको बुनोटमा केन्द्रित भएमा पाठ सङ्कथन (discourse) को शाखा बन्दछ । पाठको संरचनालाई तथ्यका रूपमा प्रयोग गरी ती तथ्यको गणितीय मान प्रधान हुने गरी गरिने शाखा कम्प्युटरीकृत भाषाविज्ञान (computational linguistics) को शाखा बन्दछ । पाठीय अर्थका यी सबै शाखा र पाठसँगको तिनको संलयात्मक (amalgamation) अवस्थालाई आरेखबाट यसप्रकार प्रस्तुत गरिएको छ :

**आरेख**
**पाठीय अर्थका शाखा**




भाषा(Language) = पाठात्मक सङ्कथन) (Textual Discourse)

or, भाषा { समाजभाषाविज्ञान) मनोभाषाविज्ञान) (प्रयोगार्थविज्ञान}= पाठात्मक सङ्कथन........ (i)

or, भाषा+समाजभाषाविज्ञान= पाठात्मक सङ्कथन

or, भाषा + मनोभाषाविज्ञान = पाठात्मक सङ्कथन

or,भाषा + प्रयोगार्थ विज्ञान = पाठात्मक सङ्कथन
पाठात्मक सङ्कथन + अलङ्करण = साहित्यिक विधा .....
(i) + (विधा इतिहास)= साहित्यिक विधा
(ii)+ साझा विशेषतायुक्त पाठ= साहित्यिक विधा

माथिको आरेखमा O बिन्दुलाई केन्द्र बनाएर खिचिएका वृत्तहरू क्रमशःA, B, C, D, E रFछन् । यी हरेक वृत्तका साझा घटकO हुनु भनेको सङ्केत (sign) हो । सङ्केत विना लिखित भाषाको अस्तित्व सम्भव हुन्न । सङ्केतबाट भाषाको संरचनात्मक व्यवस्था आरम्भ हुन्छ । भाषाको प्रयोक्ताले समाजमा रहेर गरेको अन्तर्क्रिया पनि सङ्केतकै निरन्तरता हो । रेखीय अनुक्रम (linear pattrn) मा वितरण भएको भाषाको आधारभूत एकाइ नै सङ्केत हो । त्यसैले पाठभाषालाई जुन कोणबाट हेरिए पनि आधारभूत रूपमा यसले सङ्केतको स्वरूप ग्रहण गर्ने भएकाले सबै वृत्तको केन्द्र हो । वृत्त A भाषा हो । वृत्त A मा खप्टिएको अवस्थामा क्रमश : वृत्त B, C र D आएका छन् । यिनले क्रमश : समाजभाषाविज्ञान, मनोभाषाविज्ञान र प्रयोगर्थविज्ञानका शाखालाई सङ्केत गरेका छन् । अर्थात् आधारभूत रूपमा रहेको पाठभाषालाई समाज सन्दर्भको सापेक्षतामा प्रयोक्ताले समाजका गतिविधिको अन्तर्क्रियात्मक साझा आर्थी गुण प्रदान गरेको, वक्ताले आफ्नो मानस तहमा प्रवाहित संवेगलाई साझा आर्थी गुणका रूपमा प्रयोग गरेको र भाषिक प्रयोगका आधारमा प्रयोक्ताले पारस्परिक अन्तर्क्रियालाई साझा आर्थी गुणमा प्रस्तुत गरेको अवस्था प्रस्तुत भएको छ । यी सबैलाई पाठको अधिप्रकार्यातमक तह-१ मा रहेको वृत्त Eमा प्रस्तुत गरिएको छ । वृत्त E पाठात्मक सङ्कथन (textual discourse) हो । कुनै पनि लिखित पाठ आर्थी संरचना हुने भएकाले यसमा उल्लिखित सबै शाखाका विशेषता प्राप्त हुन्छन् । त्यसैगरी वृत्तF अधिप्रकार्य-२ तहमा रहेको छ । यस वृत्तमा पाठीय अलङ्करणको अवस्था प्रस्तुत छ । साहित्यका विविध रचना पाठमा गरिएको कोशीय एकाइका बिचको अलङ्कण वा सौन्दर्ययुक्त विन्यास हो । यस्तो विन्यासमा वृत्तको O केन्द्रमा रहेको कोशीय एकाइ (micro) संरचनाका तहमा रहेको अधारभूत एकाइ हो भने वृत्त Eपाठको सम्पूर्ण निर्मिति (macro) तहको संरचना हो । यसरी कोशीय एकाइबाट आरम्भ भएको पाठको संरचना समाज सन्दर्भका कारण विविध शाखामा विश्लेषित हुन्छ । यसलाई पाठीय सङ्कथनका तहमा विशिष्ट रूपले बोध गरिन्छ । साहित्यिक रचना भनेका कोशीय एकाइलाई पाठीय संरचनाका तहमा गरिएको अलङ्कण हो । यस्ता अलङ्कृत पाठका साझा विशेषतालाई तथ्यका रूपमा लिएर तयार गरिएका विधागत स्वीकरण नै आज साहित्यका विविध विधा हुन् । अधिप्रकार्य-२का तहमा प्रस्तुत भएको पाठीय अलङ्कृत स्वरूप र अधिप्रकार्य-१ का तहमा प्रस्तुत भएको पाठात्मक सङ्कथन फरकफरक अवधारणा हुन् । भाषाका लिखित संरचना सबै अधिप्रकार्य-१ अन्तर्गत पर्छन् । त्यसैलै यसमा अलङ्करण प्रक्रिया तथा त्यसबाट सिर्जना भएको रागात्मक पक्ष गौण हुन्छ तर अधिप्रकार्य-२ मा लिखित पाठको अलङ्कण प्रक्रियासमेतका आधारमा त्यसमा सिर्जना गरिएको रागात्मक प्रभावको पक्ष सघन र प्रभावकारी भएको हुन्छ । त्यसैले पाठीय संरचनाको केन्द्र सङ्केत O बाट रेखीय विन्यासमा तयार भएका पाठद्वारा व्यक्त हुने अर्थका प्रकारको सङ्क्षेपमा यस प्रकार अध्ययन गरिएको छ :

**समाजभाषाविज्ञान**

सामाजभाषाविज्ञान भाषाका संरचनात्मक स्थिति, संरचनाका तहगत विश्लेषणमा केन्द्रित परम्परागत पद्धति र संरचनाका पनि रूपान्तरणात्मक स्वरूपका सीमाभन्दा विस्तृत भाषिक चिन्तन हो । परम्परागत व्याकरणकार, संरचनावादी भाषावैज्ञानिक र रूपान्तरण व्याकरणका प्रवर्तकले भाषालाई संरचनाका एकाइका तहमा मात्र अध्ययन गरे तर भाषा मानवको मौलिक सिर्जना भएका कारण

यसको प्रयोग पनि मानवले पारस्परिक अन्तर्क्रियामा गरेको हुन्छ । यस्तो अन्तर्क्रियात्मक व्यवहारमा समाजलाई अलग गरेर गरिएको अध्ययन कसरी पूर्ण बन्न सक्छ भन्ने चिन्तन नै समाज भाषाविज्ञानको अधारभूत पक्ष हो ।

लिखित पाठको भाषावैज्ञानिक अध्ययन पनि समाजभाषाविज्ञान र भाषाको समाजशास्त्रीय कोणबाट गरिन्छ । "समाज भाषाविज्ञानमा भाषाको समाजमा प्रभाव बारे अध्ययन गरिन्छ भने भाषाको समाजशास्त्रमा समाजको प्रभाव भाषामा बारे अध्ययन गरिन्छ" (बन्धु, २०७३, पृ.२४५) । अर्थात् कुनै पनि पाठीय संरचनाको अर्थमामा उक्त भाषिक प्रयोक्ताको समाज सन्दर्भ मुख्य आधार बन्ने पक्ष नै समाजभाषावैज्ञानिक शाखा हो । भाषालाई समाजको साझा व्यवहार र त्यसको प्रतिविम्बनका कोणबाट अर्थ्याउने कार्य यसअन्तर्गत गरिन्छ । यस क्रममा भाषिक अर्थको निर्धारण कसरी हुन्छ भन्ने भन्ने कोणबाट विविध पक्षको अध्ययन हुन्छ । भाषा र संस्कृति, भाषिक समुदाय, समुदायका खास भाषिक प्रयुक्ति (भाषिका) सामाजिक र भौगोलिक स्तर, व्यक्तिभाष (Idiolect), भाषिक कोश, कोड भिश्रण (code mixing) र कोड परिवर्तन (code switching), द्वैभाषिकता र बहुभाषिकता, भाषाद्वैत, भाषिक अभिवृत्ति जस्ता विविध पक्षको अध्ययन समाजभाषाविज्ञनाअन्तर्गत गरिन्छ । भाषाको कथ्य रूपले लिखित पाठ निर्धारण गर्ने भएकाले पाठीय अर्थ विश्लेषणमा समाजका विभिन्न पक्ष तथा आयामले प्रभाव पारेको हुन्छ । "भाषाको कथ्य वा पाठको रूप, अर्थ, अतर्क्रिया र संज्ञान जस्ता पक्षलाई आधारभूत रूपले प्रभाव पार्ने पक्ष नै सन्दर्भ हो....यसलाई सामाजिक अन्तर्क्रियाको एकाइगत (local) र बृहत् (globle) तहमाले प्रभाव पारेको हुन्छ भने बृहत् तहमा संस्थाका कानुनी आधार र कार्यविधिद्वार तय गरएको हुन्छ" (डाइक, सन् १९९७, पृ.१९)। लिखित पाठ अन्तर्क्रियात्मक व्यवहारका तहमा प्रस्तुत भएको सङ्कथनको संरचना भएका कारण समाज सन्दर्भ नै यसको साझा निर्धारक भई आएको हुन्छ ।

**मनोभाषाविज्ञान**

पाठीय अन्तर्क्रियामा प्रस्तुत भएको भाषा र मनका बिचको अन्तरसम्बन्धको अध्ययन नै मनोभाषाविज्ञान हो । कुनै पाठको मनोभाषावैज्ञानिक अर्थ भनेको उक्त पाठमा प्रयोक्ताहरूका बिचमा भएको आर्थको आदानप्रदानको प्रक्रिया पनि हो । भाषाको कथ्य रूपमा जस्तो पाठीय संरचनामा प्रयोक्ताहरू प्रत्यक्ष हुन्नन् तर यसका संज्ञानात्मक (cognition) तहमा परोक्ष रूपले अन्तर्क्रियामा जोडिएका हुन्छन् । यसरी जोडिने क्रममा पाठको अर्थ बोध गर्न भाषाले मन (मानस) मा पारेको प्रभावमा पुगिन्छ । त्यसैले मनोभाषाविज्ञान परोक्ष रूपले पाठका तहमा गरिएको संज्ञानात्मक आदानप्रदानको विषय हो । पाठको मनोभाषावैज्ञानिक कोणबाट गरिने अध्ययनमा संज्ञानात्मक प्रतिविम्बन र प्रयोग कसरी भएको छ भन्ने विषयप्रधान हुन्छ । यो प्रक्रिया पाठीय सङ्कथनका विविधताका कारण जटिल हुन्छ । मूलतः सङ्कथनको मनोविश्लेषणात्मक सिद्धान्त नै पाठीय सङ्कथनका अर्थगत विविधता अध्ययनमा आधारभूत रूपले रहेको हुन्छ । (ग्रेसर, सन् १९९७, पृ.२९४) ।

पाठका आर्थी व्याख्या अवधारणा र बोधको विषय हो । यसको कुनै लेखिमक सीमा नहुने भएकाले अर्थ बोध निकै जटिल पनि हुन्छ । यस्तो जटिलता समाधानका निम्ति भाषावैज्ञानिकले कम्प्युटरको प्रयोग गर्न पनि सक्छन् । यसले कोशीय एकाइको सघनता तथा त्यसले औषतमा प्राप्त गरेको गणितीय भार देखाउने र कुनै पाठको मनोभाषावैज्ञानिक अर्थ निक्यौल गर्ने प्रक्रिया सहज बनाउँछ ।

यस्तो अवस्थामा पाठको मनोभाषावैज्ञनिक अर्थका निम्ति कम्प्युटरीकृत भाषाविज्ञानको शाखा प्रायोग हुन्छ तर यस्तो अवस्थामा प्रविधिको प्रयोग तथा प्रयोगशालीय प्रयोजन अधिक हुन्छ । पाठको अर्थका सन्दर्भमा भने कोडीकरण र विकोडीकरण प्रक्रिया नै आधारभूत रूपले रहको हुनछ । “यसमा कोडीकरण (वक्ताले बोल्ने क्रममा आफ्नो विचारलाई भाषा बनाउने प्रक्रिया) र विकोडीकरण ( श्रोताले जब सुन्छ त्यतिबेला कसरी अवधारण अनुभव गर्छ) को प्रक्रिया हुन्छ” (तिवारी, सन् १९८५, पृ.२१७) । कोडीकरणमा पनि मानस तहको प्रविम्बिन भाषिक एकाइमा हुने तथा विकोडीकरणमा पनि भाषिक एकाइ मानस तहमा अवधारणात्मक प्रतिम्बिनका रूपमा साटिने अवस्थालाई मनोभाषाविज्ञानमा अध्ययन गरिन्छ । यस्तो प्रक्रिया घटित हुनका निम्ति पनि लिखित पाठ अनिवार्य हुन्छ किनभने लिखित पाठका प्रयोक्ता परोक्ष रूपमा नै अन्तर्क्रियात्मक व्यवहार गरिरहेका हुन्छन् । “कोशीय एकाइ पाठको तहमा संरचनामा संरचित हुँदा मानव मस्तिष्कको बाँया बार्निक क्षेत्र सक्रिय हुने र उक्त क्षेत्रमा विकसित जैविक तरङ्ग प्रणालीले प्रभाव पार्ने” (बन्धु, २०७३, पृ.२८०) भएको र “यही नै भाषिक बोधको सामथ्य क्षेत्र पनि भएका” (चौलागाईं, २०८१, पृ.४८) पनि रहेकाले पाठीय अर्थमा मस्तिष्कको अवस्थाले आधारभूत भूमिका खेलेको हुन्छ । यसलाई भाषा र मस्तिष्क, भाषिक विकार र उपचार, बालकमा भाषाको विकास र भाषा आर्जन आदिका तहबाट अध्ययन गरिन्छ । समग्रमा भाषिक पाठको आधारभूत रूप कोशीय एकाइ नै मस्तिष्ककोबाट भएको कोडीकरण प्रक्रियाको प्रतिफलन भएका कारण कुनै पनि पाठको अर्थी व्याख्या गर्न मनोभाषाविज्ञान प्रधान रूपले रहेको हुन्छ ।

## प्रयोगार्थविज्ञान

भाषा प्रयोगको सन्दर्भ सापेक्षित रूपमा गरिने अध्ययन नै प्रयोगार्थविज्ञान हो । भाषा निश्चित सन्दर्भमा प्रयोग गरिएको हुन्छ । यस्तो सन्दर्भ लिखित पाठका हकमा अपेक्षित पाठक र तिनको बोधस्तरमा निर्भर रहने हुन्छ । भाषको कथ्य रूपमा प्रयोक्ताहरू प्रत्यक्ष हुने भएकाले भाषिक प्रयोगको सन्दर्भ स्पष्ट र बोध्य हुन्छ । साथै यो प्रत्यक्ष पनि हुने भएकाले प्रयोगको सन्दर्भ सहज हुन्छ तर लिखित पाठक सम्बन्धमा कस्तो पाठकले उक्त पाठमा आर्थी प्रक्षेपणलाई कसरी बोध गर्छ भन्ने निर्दिष्ट हुन्न । यस्तो अवस्थामा लिखित पाठका सहभागी तथा तिनका सामाजिक सन्दर्भ बिन्दुका सूचकमा निर्दिष्ट गरिएको हुन्छ । “...जसरी परम्परागत रूपमा वाक्यविज्ञानमा संयोजकीय कार्य गर्न आएका एकाइको अध्ययन गरिन्छ, जसरी अर्थविज्ञानमा भाषिक संचनाको अर्थ अध्ययन गरिन्छ, त्यसैगरी प्रयोगार्थविज्ञानमा भाषा प्रायोगको अध्ययन गरिन्छ” (लेभिन्सन, सन् १९८३, पृ.५) । पाठ परोक्ष प्रयोक्ताको सन्दर्भमा अर्थिने संरचना भएकाले यसमा पनि भाषिक प्रयोगको अर्थका कोणबाट अध्ययन हुन्छ । पाठको सङ्कथनात्मक अर्थविश्लेषणमा भाषाको लेख्य रूप तथा त्यसले प्राप्त गरेको पयोगपरक अर्थ प्रधान हुने भएकाले प्रयोगार्थविज्ञान पाठभाषाविज्ञान क्षेत्र बनेको हो । “...सङ्कथन विश्लेषणको कथ्य र लेख्य स्तरको अध्ययनका क्रममा वार्तालापका विविध पक्षको अध्ययन गर्दा प्रयोगार्थविज्ञानको कतिपय पक्ष पनि स्वतः समाविष्ट हुन्छन्” (बन्धु,२०७३, पृ.१५२) । अन्तर्क्रियात्मक अवस्था भाषा प्रयोगको स्वरूप हो । यस्तो स्वरूपले स्थिर र पूर्वधारणात्मक अर्थमात्र द्योतन गरेको हुन्न । अन्तर्क्रियामा सहभागीको सन्दर्भ नै मुख्य आधार रहेको हुन्छ । त्यसैगरी पूर्वसन्दर्भ र पश्चसन्दर्भले पनि भूमिक खेलको हुन्छ । यसका अतिरिक्त भाषाको प्रयोगद्वारा सम्पन्न भएको विशिष्ट कार्यको पनि प्रयोगर्थकै रूपमा अध्ययन गरिन्छ । त्यसैले पाठ भाषिक प्रयोगको अर्थ अध्ययन गर्ने प्रवेश बिन्दु मात्र नभई लेख्य अनर्क्रियामा परोक्ष रूपले संलग्न भएका (लेखक-पाठक) बिचको प्रभावशेष पनि हो ।

## निष्कर्ष

भाषिक अभिव्यक्तिको अवस्था पाठ हो । अर्थको संरचनात्मक स्वरूपमा पाठलाई मूर्तता दिइएका हुन्छ । पाठका कथ्य र लेख्य दुई भेद पाइन्छन् तर पाठभाषाविज्ञान लेख्य (लिखित) संरचनाको अध्ययनको अध्ययन गर्ने शाखा हो । कथ्य पाठ (वार्तालाप) मा भाषिक प्रयोक्ता प्रत्यक्ष हुन्छन् भने लेख्य पाठमा प्रयोक्त परोक्ष हुन्छन् तर परोक्ष प्रयोक्ताको स्थानलाई गौण ठानिएको पाइन्छ । पाठ भाषाविज्ञानका शाखा त्यही परोक्ष प्रयोक्ताको स्थान तथा पाठको आर्थी प्रयोजनका बारेमा अध्ययन गर्ने भाषावैज्ञानिक पद्धति हो । यस्तो पद्धतिमा जोडिएका शाखामा मूलतः समाजभाषाविज्ञान, मनोभाषाविज्ञान र प्रयोगार्थविज्ञान प्रमुख रहेका छन् । यी तिनै शाखा लिखित पाठमा परोक्ष रूपले रहेका भाषिक प्रयोक्ताका सन्दर्भ बिन्दुसम्बद्ध छन् । पाठमा कोशीय एकाइ आधारभूत रूपले रहेको हुन्छ । यस्तो कोशीय एकाइले एकाइगत सूक्ष्म तहदेखि बृहत् संचना (पूर्णपाठ) सम्म सोपानक्रमिक प्रकार्य सम्पन्न गरेको हुन्छ । यी तिनै शाखाअन्तर्गत गरिने अर्थको विश्लेषण अन्ततः पाठीय सङ्कथनका क्षेत्र हुन् । कुनै पनि पाठमा संरचित अर्थविन्यास गर्नु भनेको पाठीय सङ्कथनको विषयमा प्रवेश गर्नु हो । यो पाठको अधिप्रकार्य तह एक हो । यस्ता पाठहरूमा पाइएका साभ्कापन वा कोशीय एकाइदेखि पाठको पूर्ण संरचनासम्मका सूचकले साहित्यिक विधाका आलङ्कारिक रूप प्राप्त गरेका हुन्छन् । साहित्यको विधा भनेकै अर्थको सौन्दर्यपूण संरचना हो । यस्तो सौन्दर्यबोध पाठको अधिप्रकार्य तह दुई हो । त्यसैले पाठभाषाविज्ञान लिखित पाठमा परोक्ष रूपले समाविष्ट भाषिक प्रयोक्ताको सन्दर्भ बिन्दुका सापेक्षतामा गरिने विश्लेषण हो । यस्तो सन्दर्भ बिन्दुमा रहेका प्रयोक्तालाई आलङ्कारिक रूपले आर्थी प्रभावमा पार्ने अवस्था पाठको साहित्यिक विधा हो ।

## सन्दर्भ सामग्री सूची

कुमार, सुरेश र सिंह, रामवीर (सम्पा.).(सन् १९९१). *पाठभाषाविज्ञान तथा साहित्य.* केन्द्रीय हिन्दी संस्थान ।

चौलागाईं, प्रेम (२०८१). साहित्यविश्लेषणको मनोभाषावैज्ञानिक पद्धति. वाङ्मय.(२०). पृ.४५-५४ ।

तिवारी, भोलानाथ (सन् १९८५). आधुनिक भाषाविज्ञान. लिपी प्रकाशन ।

न्यौपाने, भुवन (२०७९). पाठनिर्माणका युक्ति : संसक्ति र संयुक्ति. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). *रत्न बृहत् नेपाली समालोचना.* रत्न पुस्तक भण्डार. पृ.३३५-३५१ ।

बन्धु, चूडामणि (२०७०). *भाषाविज्ञानका सम्प्रदाय.* (चौथो संस्क.). एकता बुक्स डिस्टिब्युटर्स प्रा.लि. ।

बन्धु, चूडामणि (२०७३). *भाषाविज्ञान,* (नवौं संस्क.). साभ्का प्रकाशन ।

Dijk, Teuan A. Van. (1997). *Discourse as structure and process*. SAGE Publication.

Dijk, Teuan A. Van. (1997). The study of Discourse. Self (eds). *Discourse as structure and process*, SAGE Publication.

Graesser Arther C., Gernsbacher, Morton A. and Goldman, Susan R.(1997). cognition. Dijk, Tuna A. Van. (eds) *Discourse As Structure and Process*. SAGE Publication.

Halliday, M.A.K, Hasan Ruqaiya. (1991). *Language, context and text: Aspect of Language in a social semiotic prespective*. Oxfor University Press.

Levenson, Stephen (2003). *Pragmatics*. Replika Press pvt.